Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74233
Research Article
ISSN: 3021-9035 Print

# समाजको रूपान्तरित आयामका रूपमा मुलुकी देवानी संहिता

**पदम रोका**
*roka.padam@yahoo.com*

## लेखसार

नेपालमा ऐतिहासिक कानुनी दस्तावेजका रूपमा स्थापित र धेरै लामो समयदेखि पटक पटक संशोधन हुँदै प्रचलनमा रहिआएको मुलुकी ऐनसमेतका कैयौँ ऐनलाई खारेज गर्दै हाम्रो समाजको रूपान्तरणको अवस्थालाई विधिगत सम्बोधन र गति प्रदान गर्ने उद्देश्यले हालको परिवेशअनुसार मुलुकी ऐन तथा अन्य कानुनमा रहेका देवानीसम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरणसमेत गरी समयानुकूल बनाउन वाञ्छनीय भएकाले संहिताबद्ध कानुन निर्माण गरी जारी गरिएको अवस्था छ । मुलुकी देवानी संहिता नेपालको न्यायिक प्रणालीको एक विशिष्ट दस्तावेज र नेपालको आधुनिक कानुनी प्रणालीको आधारस्तम्भ हो, जसले व्यवस्थित कानुनी ढाँचा प्रदान गर्दछ । प्रस्तुत लेखमा मुलुकी देवानी संहिताको पृष्ठभूमि, संहिताका प्रमुख प्रावधान एवम् व्याख्या र चुनौतीको प्रारम्भिक अवलोकन गरिएको छ। लेखले संहिताको प्रभावकारिता, कार्यान्वयनको अवस्था तथा समाजमा पारेको प्रभावको मूल्याङ्कन र आगामी सुधारका सम्भावनाको पनि चर्चा गर्छ।

## शब्दकुञ्जी

मुलुकी ऐन, कानुनी प्रणाली, संहिताबद्ध कानुन, कानुनी व्यवस्था

## विषय प्रवेश

लामो प्रयत्नपछि २०७५ भदौ १ गतेबाट मुलुकी संहिता (यहाँ सरलताका लागि मुलुकी संहिता भनी उल्लेख गरिएको छ) लागु भयो । मुलुकी संहिता भन्नाले मुलुकी देवानी (संहिता) ऐन–२०७४, मुलुकी अपराध (संहिता) ऐन–२०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन–२०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन–२०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन–२०७४ भन्ने बुझ्नुपर्दछ । वास्तवमा मुलुकी संहिता निर्माणको क्रममा त्यसको व्यापक चर्चा नभए पनि तत्काल प्रचलनमा रहेका मुलुकी ऐनसहित १३ ओटा ऐन खारेज गरी २०७५ भदौ १ गतेबाट हाल प्रचलनमा आएको मुलुकी संहिता–२०७४ लागु भएपछि भने यसबारेमा व्यापक सरोकार र चर्चा परिचर्चा भईरहँदा त्यसमा हालसम्म कैयौँ संशोधनसमेत हुन पुगेको अवस्था छ ।

सामान्यतः संहिताबद्ध कानुन (Codified Law) निर्माण हुनुलाई उत्तम कार्य मानिने अवधारणा रहेकाले त्यसप्रकारको स्वरूपमा आएको मुलुकी संहितालाई त्यसदृष्टिले पनि महत्त्वपूर्ण मान्नुपर्दछ। सामान्यतः विभिन्न विषयमा छरिएर रहेका कानुनको एकीकरण, कानुनको सरलीकरण, अन्य कानुन प्रणालीसँग तुलना, अन्य कानुनी प्रणालीका उत्कृष्ट अभ्यास, न्याय र कानुनका स्वीकृत र सर्वमान्य सिद्धान्त, मापदण्ड र विधिशास्त्रका नवीनतम अवधारणालाई एकसाथ अवलम्बन गर्नु नै संहिताकरण हो।

१८०४ मार्च २१ मा जारी भएको फ्रान्सको नेपोलियन कोडलाई महत्त्वपूर्ण संहिताबद्ध कानुनी दस्तावेजको रूपमा लिने गरिन्छ। नेपोलियनकै शासनकालमा पेनल (क्रिमिनल कोड), सिभिल प्रोसेडुरल कोड, कमर्सियल

कोड, क्रिमिनल प्रोसेड्युरल कोड जारी भएका थिए तथा संहिताबद्ध कानुनको विकास र अभ्यास गर्ने श्रेय पाएको फ्रान्समा हाल ६० भन्दा बढी संहिताबद्ध कानुन (कोड) प्रचलनमा रहेका छन् भनिन्छ। कतिपयले पहिलो संहिताका रूपमा सन् १७५० मा जारी भएको मानिने हम्बुरावी कोड उल्लेख गरेको पाइन्छ। मूलतः संहिताबद्ध कानुनको अभ्यास गर्ने परम्परा सिभिल ल प्रणालीमा भए पनि कमन ल प्रणालीमा पनि यसको व्यापक अभ्यास हुँदै आएको छ।

अन्य कतिपय मुलुकमा जस्तै नेपालमा पनि संहिताको विकासक्रमको आफ्नै शृङ्खला रहेको छ। जयस्थिति मल्लको पालामा जारी भएको मानव न्यायशास्त्र (न्यायविकासिनी विसं १४३६ (सन् १३८०), जसलाई नेपोलियन कोडभन्दा धेरै पहिले जारी भएको (५०० वर्ष जेठो) संहिता भनी उल्लेख गरेको पाइन्छ । छरिएर रहेका सनद, सवाल, रुक्का, इस्तिहारसमेत सङ्कलन गरी जङ्गबहादुर राणाले युरोप भ्रमणबाट फर्केपछि संहिताको रूपमा मुलुकी ऐन–१९१० जारी गरेको पाइन्छ (वस्ती, २०७९, पृ.१९२–१९३)। त्यसैलाई नै औपचारिक रूपमा नेपालमा संहिताबद्ध कानुन निर्माणको थालनी गरेको मानिन्छ।

नेपाल दण्ड विधान–२०१२ (२३ परिच्छेद र ३७७ दफा रहेको तर मस्यौदामा नै सीमित रही लागु नभएको), मुलुकी ऐन २०२०, अपराध संहिता २०३० (तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश नयनबहादुर खत्रीको अध्यक्षतामा गठित कानुन आयोगले २०२९ सालमा मस्यौदा तयार पारी ३१ परिच्छेद र २५७ दफाको संहिताको प्रतिवेदन २०३१।०५।२५ मा प्रकाशित गरे पनि लागु नभएको), अपराध कार्यविधि संहिता–२०३४ (सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित कानुन आयोगले तयार गरेको १५ परिच्छेद, १६५ दफाको संहिताको मस्यौदा २०३४।०७।०१ मा राजपत्रमा प्रकाशित भए पनि लागु नभएको), जस्ता संहिताबद्ध कानुन निर्माणको प्रयत्नका बाबजुद केवल साविक मुलुकी ऐनलाई मात्र प्रयोग र प्रचलनमा ल्याइनुको अन्तरनिहित कारण के थियो ? त्यसको निष्पक्ष खोजबिन हुने नै छ। तथापि त्यसप्रकारका कानुनी दस्तावेज तत्तत् समयको हाम्रो समाजको परिवेशको प्रतिबिम्बको रूपमा रहेको तथ्यलाई भने बिर्सनु हुँदैन । अन्ततः सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा गठित देवानी संहिता र देवानी कार्यविधि संहिता निर्माण कार्यदल–२०६५ ले मिति २०६७।०४।२६ मा र सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश कल्याण श्रेष्ठको संयोजकत्वमा गठित फौजदारी कानुन सुधार उच्चस्तरीय कार्यदल–२०६७ ले मिति २०७०।०१।१६ मा सरकारसमक्ष बुझाएको प्रतिवेदनका आधारमा व्यापक छलफल, थपघट, परिमार्जन र निर्माण भई लागु भएको मुलुकी संहितालाई ऐतिहासिक र महत्त्वपूर्ण कदम मान्न सकिन्छ । खासगरी तत्काल प्रचलनमा रही आएको साविक मुलुकी ऐनको धरातलीय यथार्थता भन्दा धेरै अगाडि बढिसकेको हाम्रो समाजमा भएका कैयौँ महत्त्वपूर्ण बदलाव र परिवर्तनको परिणाम स्वरूप नै त्यसप्रकारको संहिताबद्ध कानुनको निर्माण र अपरिहार्यता उत्पन्न हुन गएको कुरालाई बुझ्न गाह्रो छैन। त्यसबाट परिवर्तित समाजको आवश्यकतालाई पूरा गर्न र समाज रूपान्तरणलाई विधिगत प्रबन्धको माध्यमबाट व्यवस्थित र उन्नत चरणतर्फ अगाडि बढाउँदै व्यवस्थित कानुनी (न्याय) प्रणालीको विकास र प्रवर्द्धन गर्न महत्त्वपूर्ण सहयोग पुग्नेछ । साथै यसबाट एउटा महत्त्वपूर्ण तथ्य बुझ्न सकिन्छ कि समाजमा हुने परिवर्तन र रूपान्तरणले नै आवश्यकताअनुसारको नयाँ कानुनको विकास हुन्छ र सामाजिक परिवर्तनले नयाँ कानुनलाई जन्म दिन्छ अर्थात् The evolution of law results through influences aimed at balancing opposing interests within society भन्ने मतलाई बुझ्न मद्दत पुग्दछ । यद्यपि उक्त मुलुकी संहिताको त्यसप्रकारको ऐतिहासिक र महत्त्वपूर्ण आयाम हुँदाहुँदै पनि त्यसमा कैयौ त्रुटिपूर्ण प्रावधान रहेको कुरामाथि पनि ध्यान दिनु जरुरी छ।

उल्लेखित दुवै पक्षमाथि विचार गरेर नै मुलुकी संहिता (मुलुकी देवानी संहिता–२०७४ र मुलुकी फौजदारी संहिता–२०७४ एवम् मुलुकी देवानी कार्यविधि संहिता–२०७४र मुलुकी फौजदारी कार्यविधि संहिता–२०७४) को सन्दर्भमा धारणा बनाउन उपयुक्त हुन्छ। तर ती दुवै संहिताको सन्दर्भमा टिप्पणीसहित दफाबार चर्चा गर्नु यहाँ सम्भव नहुने भएकाले त्यता नलागी यहाँ केवल मुलुकी देवानी

संहिताका सारभूत पक्षसँग सम्बन्धित केही महत्त्वपूर्ण कानुनी प्रबन्धबारे मात्र सङ्क्षिप्तमा चर्चा गरिएको छ।

## *अध्ययन विधि*

यो लेख गुणात्मक अनुसन्धान विधिमा आधारित छ। मुलुकी देवानी संहिताको कानुनी र सामाजिक आयामको विश्लेषण गर्न कानुनी दस्तावेज, सान्दर्भिक विषयगत साहित्य र नीतिगत संरचनाको अध्ययन गरिएको छ। अध्ययनले सिद्धान्तपरक (Doctrinal Methodology) प्रविधि अवलम्बन गरेको छ, जसमा सैद्धान्तिक कृतिको समालोचनात्मक पाठ्यविमर्श (Critical Discourse Analysis) र वर्तमान नेपाली समाजमा मुलुकी देवानी संहिता र देवानी कार्यविधि संहितासँग सम्बन्धित तथ्यात्मक अध्ययनको वस्तुनिष्ठ चर्चा समावेश छ। यस अध्ययन विधिले वर्तमान कानुनी संरचनाको आलोचनात्मक समीक्षा गर्दै समाजमा यसको कार्यान्वयनको प्रभावलाई उजागर गर्ने प्रयास गर्दछ।

## *मुलुकी देवानी संहिता*

मुलुकी देवानी संहिता नेपाली कानुनी प्रणालीको आधारभूत कानुन 'The Civil Code is the most basic law in the national legal system' (Professor Hiroshi Matsuo), देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा र प्रतिवेदन–२०६७, परिशिष्ट ३) को रूपमा केही महत्त्वपूर्ण विशेषतासहित निर्माण भएको अवस्था छ। हाम्रो देशको सन्दर्भमा यो संहिता सबैभन्दा लामो कानुनको रूपमा आएको छ, जसमा ७२१ दफा रहेका छन्। यसमा न्याय र कानुनको क्षेत्रमा विकसित कतिपय अवधारणा र विधिशास्त्रीय मतलाई समावेश गरिएको छ। त्यसो गर्दा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर र सिद्धान्तसमेत मिलान हुन जाने गरी प्रबन्ध गरिएको अवस्था छ। नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि कार्यान्वयनसँग सम्बन्धित व्यवस्थासमेतलाई आत्मसात गर्दै संहितामा सामान्य कानुनका रूपमा देवानी कानुनका तेह्रओटा सामान्य सिद्धान्तलाई समेत संहिताकरण गरिएको छ। त्यसप्रकारका सिद्धान्तमध्ये कानुनको अज्ञानता क्षम्य नहुने, कानुन विपरीतको काम अमान्य हुने, गल्ती गर्नेले क्षति व्यहोर्नुपर्ने, अरूलाई दुःख दिनेगरी काम गर्न नहुने, गल्तीको फाइदा लिन नपाउने, व्यक्तित्वलाई स्वीकार गर्नुपर्नेलगायतका धेरैजसो सिद्धान्त सामान्य प्रचलनमा रहँदै आएको भए पनि 'सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउने' (मुलुकी देवानी संहिता–२०७४, दफा ६), 'असल छिमेकीपन कायम गर्नुपर्ने' (मुलुकी देवानी संहिता–२०७४, दफा १३), 'कानुनविपरीतका प्रथा वा परम्परालाई मान्यता नदिइने' (मुलुकी देवानी संहिता–२०७४, दफा १५), 'विदेशीको हकमा पनि लागु हुने' (मुलुकी देवानी संहिता–२०७४, दफा १६) आदिका सिद्धान्त मौलिक र अत्यन्तै महत्त्वपूर्ण रहेको देखिन्छ। त्यसप्रकारको सिद्धान्तको प्रभावकारी कार्यान्वयनबाट समाजमा कैयौँ सकारात्मक प्रभाव पर्न जाने अवस्था रहेको छ।

## *मुलुकी देवानी संहितामा समावेश केही महत्त्वपूर्ण प्रावधानहरू*

### *नागरिक अधिकारसँग सम्बन्धित कानुन*

मुलुकी देवानी संहितामा नागरिक अधिकारसम्बन्धी कानुनी व्यवस्थालाई धेरै महत्त्वपूर्ण स्थान दिइएको छ। नागरिक अधिकार सामान्यतया नागरिकले मात्र उपभोग गर्न पाउने (ने.का.प. २०७५ नि.नं. १००९१ पृ. १६८१ 'निवेदक क्यानेडियन नागरिक भएकाले विचार र अभिव्यक्तिको स्वतन्त्रताको हक निजले दाबी गर्न पाउने अवस्था नदेखिने' भन्ने सिद्धान्त प्रतिपादन भएको) आधारभूत र नभई नहुने अधिकारको रूपमा संहितामा प्रबन्ध गरिएको अवस्था छ। पहिले विशेष ऐनको रूपमा नागरिक अधिकार ऐन–२०१२ प्रचलनमा रहेकोमा उक्त ऐन आवश्यकताअनुसार कैयौँपटक संशोधन गर्दै आएको भए पनि त्यसले परिवर्तित समाजअनुरूपको नागरिक अधिकारलाई प्रतिबिम्बित गर्न नसकेको परिप्रेक्ष्यमा त्यसलाई खारेज गरी मुलुकी देवानी संहिता–२०७४ मा नागरिक अधिकारसम्बन्धी व्यापक कानुनी व्यवस्था गरिएको हो। जस्तो– कानुनी उपचारको मार्ग मात्र हेर्दा पनि तत्कालको व्यवस्थाअनुसार खासगरी पुनरावेदन अथवा उच्च अदालतमा त्यसमा पनि केवल बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको निवेदन मात्र लाग्न

सक्नेमा हाल त्यस्तो क्षेत्राधिकार जिल्ला अदालतलाई (मुलुकी देवानी संहिता–२०७४ दफा २६) समेत प्रदान गरिएकाले नागरिक अधिकारको महत्त्व, क्षेत्र र व्यापकता स्वत स्पष्ट हुन्छ।

कुनै पनि मुलुकमा नागरिकका लागि नागरिक अधिकारले विशेष महत्त्व राख्दछ। नागरिक अधिकारका रूपमा ग्यारेन्टी गरिएका अधिकारमध्ये कानुनको दृष्टिमा समान हुने, विशेष वर्गका लागि विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने, कानुनबमोजिम बाहेक कर लाउन नपाइने, स्वतन्त्रतासम्बन्धी अधिकार, सम्पत्तिसम्बन्धी अधिकार आदि पहिलेदेखि प्रचलनमा रहेका नागरिक अधिकारको दायरालाई देवानी संहितामा व्यापक बनाउँदै समयसापेक्ष प्रबन्ध गरिनुका साथै कुनै पनि आधारमा भेदभाव गर्न नपाइने (मुलुकी देवानी संहिता–२०७४, दफा १८), गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने (मुलुकी देवानी संहिता–२०७४, दफा २१), करार गर्न पाउने (मुलुकी देवानी संहिता–२०७४, दफा २२), क्षतिपूर्ति भराइदिने (मुलुकी देवानी संहिता–२०७४, दफा २७), इच्छा विरुद्ध काममा लाउन नपाइने (मुलुकी देवानी संहिता–२०७४, दफा २४), सम्पत्ति जफत नगरिने (मुलुकी देवानी संहिता–२०७४, दफा २५), उजुरी गर्न सक्ने (मुलुकी देवानी संहिता–२०७४, दफा २६), झुटा उजुरी दिएको देखिएमा क्षतिपूर्ति भराइदिने (मुलुकी देवानी संहिता–२०७४,दफा २८) लगायतका कैयौँ नवीनतम् अधिकारलाई पनि नागरिक अधिकारमा समावेश गरेर नागरिक अधिकारको दायरा व्यापक बनाउँदै संहिताबद्ध कानुन बनाउनुलाई महत्त्वपूर्ण सामाजिक आयाम मान्नुपर्दछ।

## *व्यक्तिसँग सम्बन्धित कानुन*

मुलुकी देवानी संहितामा 'व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने' (मुलुकी देवानी संहिता–२०७४, भाग २ परिच्छेद––१) सिद्धान्तलाई पनि समावेश गरिएको छ। उक्त संहिताले व्यक्तिलाई प्राकृतिक (Natural Person) र कानुनी (Legal Person) गरी प्रबन्धित रहेको छ।

## *प्राकृतिक व्यक्ति*

'प्राकृतिक व्यक्तिलाई कानुनले वर्जित गरेकोदेखि बाहेक सबै कुरा गर्ने अधिकार हुने' (ने.का.प. २०३८ नि.नं. १४७८ पृ. २६) व्यक्तिले जन्मनासाथ व्यक्तिको मान्यता पाउने, जन्मनासाथ नामको अधिकार पाउने, आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुने तर त्यस्तो अधिकार हस्तान्तरण हुन नसक्ने मान्यतालाई आत्मसात गरेको अवस्था छ (मुलुकी देवानी संहिता–२०७४, दफा ३०, दफा ३१)। प्राकृतिक व्यक्तिको सक्षमता सम्बन्धमा संहितामा निम्नअनुसारको व्यवस्था रहेको छ–

### *पूर्ण सक्षम (Fully competent)*

अठार वर्ष पूरा भएको प्रत्येक व्यक्ति बालिग मानिने र निज कानुनी रूपमा सक्षम भएको मानिने व्यवस्था रहेको छ (मुलुकी देवानी संहिता, २०७४, दफा ३२)।

### *अर्धसक्षम (Quasi competent)*

दश वर्ष पूरा भई अठार वर्ष उमेर नपुगेको व्यक्ति अर्धसक्षम मानिने व्यवस्था गरेको छ (मुलुकी देवानी संहिता, २०७४, दफा ३४)।

### *असक्षम (Incompetent)*

दश वर्ष पूरा नभएको र होसठेगानमा नभएको व्यक्तिलाई असक्षम व्यक्ति मानिने व्यवस्था गरेको छ (मुलुकी देवानी संहिता–२०७४ को दफा ३३) तर कुनै व्यक्तिको सक्षमता, असक्षमता वा अर्धसक्षमता सम्बन्धमा विवाद उत्पन्न भएमा अदालतले निर्णय दिएबमोजिम हुन्छ। प्राकृतिक व्यक्तिले आफ्नो शरीरको परीक्षण अथवा अङ्ग परिवर्तन गर्न/गराउन सक्ने, आफू जीवित छँदै आफ्नो मृत्युपछि गरिने दाहसंस्कार, काजकिरिया वा सदगतको विधि निर्धारण गर्न सक्ने तथा शव वा अङ्गदान दिन सक्ने र हकवालाले त्यस्तो व्यक्तिको इच्छाबमोजिमको विधिले उक्त कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसप्रकारको व्यवस्थामा रूढिवादी मूल्यमान्यता र संस्कारित जडता विरुद्धको सकारात्मक अवधारणा अन्तरनिहित रहेको र त्यसले समाजमा राम्रो प्रभाव पार्दै गएको देखिन्छ। कुनै व्यक्ति १२ वर्षसम्म बेपत्ता भएमा वा जानकारी नपाएमा मृत्यु भएको मानिने तर ८० वर्ष पुगेको भए ५ वर्ष, युद्धमा

खटिएको भए ४ वर्ष र दुर्घटनामा परेको भए ३ वर्षमा मृत्यु भएको मानिने एवम् बेपत्ता भएको वा कुनै विपत् वा दुर्घटनामा परेको व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषणा अथवा संशोधन अदालतबाट मात्र हुने व्यवस्था गरिएको अवस्था छ (मुलुकी देवानी संहिता–२०७४, दफा ३५–४०)। त्यसप्रकारको न्यायिक घोषणा वा संशोधनको प्रावधानले व्यवहारमा केही जटिलता उत्पन्न हुन जाने सम्भावना पनि देखिन्छ।

## *कानुनी व्यक्ति*

'कानुनी व्यक्तिले कानुनद्वारा निर्दिष्ट काम मात्र गर्न पाउने र कानुनी दायराभन्दा बाहिर गई गरेको कामले कानुनी मान्यता पाउन नसक्ने' (स.अ. बुलेटिन २०७५ पूर्णाङ्क ६३२ पृ. २१) भएकाले कानुनबमोजिम स्थापना भएको सङ्गठित संस्थाले सोही हैसियतमा कानुनी व्यक्तित्व र सक्षमता प्राप्त गर्ने र व्यक्तिसरह सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेचबिखन गर्न र हक हस्तान्तरण गर्न पाउने एवम् करार गर्न सक्ने अधिकार राख्दछ (मुलुकी देवानी संहिता–२०७४, दफा ४२)। कानुनी व्यक्तिको तर्फबाट कामकारबाही गर्दा कुनै किसिमको हानिनोक्सानी पर्न गएमा त्यसको क्षतिपूर्ति सम्बन्धित कानुनी व्यक्तिले बेहोर्नुपर्दछ (मुलुकी देवानी संहिता–२०७४, दफा ५१)। नेपाल राज्य, नेपाल सरकार, सङ्घीय संसद् वा व्यवस्थापिका, सचिवालय, विभाग वा कुनै सरकारी कार्यालय, प्रदेश सरकार, प्रदेश स्तरका सरकारी कार्यालय, प्रदेश सभा, गा.पा., न.पा., जिल्लासभा, त्यस्ता निकायअन्तर्गतका स्थानीय तहका सरकारी कार्यालय, कानुनबमोजिम स्थापित आयोग, समिति, संस्थान वा निकाय, मठमन्दिर, देवालय, चैत्य, गुम्बा, मस्जिद, गिर्जाघर, धर्मशाला, पाटी, सत्तल, अन्त्यष्टि गर्ने स्थल, सामुदायिक विद्यालय, महाविद्यालय/ विश्वविद्यालय आदिले स्वतः कानुनी सक्षमता प्राप्त गरेको मानिने व्यवस्था रहेको छ (मुलुकी देवानी संहिता–२०७४, दफा ४४)।

माथि उल्लेखित व्यवस्थाबाट व्यक्ति र सोसँग सम्बन्धित हाम्रो परम्परागत मान्यता र दृष्टिकोणमा व्यापक परिवर्तन हुन पुगेको र सोहीमुताबिक हामी र हाम्रो समाज नयाँ चरणतर्फ अगाडि बढ्दै गएको कुरा स्पष्ट हुन्छ।

## *प्राकृतिक व्यक्तिको दामासाही*

दामासाहीको शाब्दिक अर्थ 'कुनै सामूहिक रकम त्यसका हकदारले बराबर गरेर बाँडिलिने वा दिने व्यवस्था भागशान्ती' (नेपाली बृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, प्रथम संस्करण, पुनर्मुद्रण २०५० पृ. ६४५) भन्ने हुन्छ। तर कानुनी क्षेत्रमा यसको विशेष अर्थ रहेको हुँदा मुलुकी देवानी संहितामा कुनै व्यक्तिले व्यहोर्नुपर्ने ऋण वा दायित्व निजको जेथाभन्दा बढी भएमा त्यस्तो जेथाबाट ऋण वा दायित्व फछ्र्यौट गर्न दामासाहीसम्बन्धी कारबाही प्रारम्भ गरिने र कुनै व्यक्तिको जायजेथाबाट साहुको ऋण वा दाबी फछ्र्यौट भएकोमा त्यस्तो व्यक्ति दामासाहीमा परेको मानिने व्यवस्था रहेको छ (मुलुकी देवानी संहिता–२०७४, दफा ५४)। दामासाहीमा परेको व्यक्तिले त्यस्तो हैसियतमा कानुनबमोजिम गर्न नहुने कामकारवाहीबाहेक अन्य व्यापारव्यवसाय वा कारोबार गर्न सक्ने भन्ने व्यवस्था भएबाट दामासाहीमा परेको व्यक्तिका कतिपय नागरिक हकअधिकार निलम्बन हुने देखिन्छ तथापि दामासाहीमा परेको १२ वर्षपछि स्वतः सो हैसियत अन्त्य हुने तथा आफ्नो सम्पूर्ण दायित्व भुक्तान गरेमा अदालतले निज दामासाहीमा पर्दाका बखत गरेको आदेश खारेज गर्न सक्ने र त्यस्तो खारेजी आदेश भएको १ वर्षपछि दामासाहीमा परेको हैसियत अन्त्य भएको मानिने व्यवस्था छ (मुलुकी देवानी संहिता–२०७४, दफा ६५)।

आर्थिक दायित्व फछ्र्यौटको आधारमा व्यक्तिको हैसियतको निर्धारण वा हैसियतको वर्गीकरण गरिनु यो आफैँमा अन्यायपूर्ण छ। विपन्न हुनु, आर्थिक दायित्व वहन गर्न असक्षम हुनु त्यस्तो व्यक्तिको रहर वा इच्छा नभई उसको बाध्यात्मक परिस्थितिसमेत हुने हुँदा त्यसैको आधारमा व्यक्तिलाई हैसियतविहीन तुल्याउनु र अपमान गर्नु गलत हुने हुँदा त्यस प्रकारको व्यवस्थामा सुधारको आवश्यकता देखिन्छ।

## *पारिवारिक कानुन*

मुलुकी देवानी संहिताले नेपालको परम्परागत पारिवारिक कानुन वा सोसम्बन्धित कतिपय सामाजिक मान्यतामा व्यापक फेरबदल गर्नुका साथै त्यससम्बन्धी

कतिपय नवीनतम् मान्यता र अवधारणालाई अङ्गीकार गर्न पुगेको छ। त्यसले प्रथमपटक विवाहको परिभाषा गर्दै 'कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकार्कालाई पतिपत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने र विवाह जुनसुकै किसिमबाट गरेको भए पनि त्यसलाई सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ' (मुलुकी देवानी संहिता–२०७४, दफा ६७)। तर समलिङ्गी वैवाहिक अधिकार र अवधारणालाई भने समावेश गरिएको छैन तथापि सम्मानित सर्वोच्च अदालतद्वारा (ने.का.प. २०७० नि.नं. ८९४५ पृ. ८३) 'प्रचलित कानुन र परम्परामा विवाह भन्नाले विपरीत लिङ्गी व्यक्तिबिचको कानुनी सम्बन्धलाई निर्दिष्ट गरेको भए पनि समलिङ्गी सम्बन्धको बारेमा कानुनी व्यवस्था या त अपर्याप्त छ वा मौन छ। मानव अधिकारको विषय अन्तर निहित रहेको अवस्थामा कुनै महिला वा पुरुषले अर्को समलिङ्गी महिला वा पुरुषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा रोक लगाउन सक्ने अवस्था हुँदैन' भनी व्याख्या गरेको पाइन्छ र त्यसभन्दा पहिल्यै यससम्बन्धी सबै विषयमा अध्ययन गर्न नेपाल सरकारलाई एक समिति गठन गर्न निर्देशनात्मक आदेशसमेत जारी गरिएको अवस्था छ।

## *विवाह*

पुरुष महिला दुवैको २० वर्ष उमेर पुगेको र वैवाहिक सम्बन्ध कायम नरहेको अवस्था भएमा मात्र विवाह हुन सक्ने, विवाहित पुरुषले विवाह गरेमा (बहुविवाह), त्यस्तो विवाह स्वतः गैरकानुनी भई बदर हुने, विवाहित महिला भए बदर गराउन सकिने, अंशबण्डा गरी छुट्टिभिन्न भएकोमा पुनः विवाह गर्न पाइने, कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा स्वतः विवाह भएको मानिने (ने.का.प. २०५६ नि.नं. ६७५५ पृ. ५३५ 'वादी र प्रतिवादी दुवैबिच यौनसम्बन्ध भएको र बच्चा जन्मेको स्थापित भएकोमा वादीप्रतिवादीबिच वैवाहिक सम्बन्ध कायम हुन आउने' भन्ने जस्ता न्यायिक व्याख्यालाई आत्मसात गर्दै संहितामा उक्त व्यवस्था रहन गएको अवस्था हो) तर जबरजस्ती करणीको कारणले गर्भधारण गरी शिशु जन्मिएमा वा हाडनाताको पुरुषसँगको शारीरिक सम्पर्कबाट गर्भधारण गरी शिशु जन्मिएमा विवाह गर्ने उमेर पूरा नभएमा वा बहुविवाह कायम हुने अवस्था भएमा भने स्वतः विवाह भएको नमानिने व्यवस्था रहेको छ। विवाह महिला र पुरुषबिचको एक स्थायी, अनतिक्रम्य सामाजिक तथा कानुनी बन्धन हुने व्यवस्था गरिएको छ (मुलुकी देवानी संहिता–२०७४, दफा ६८, ६९, ७०, ७४)। विवाह गर्ने स्वतन्त्रताअन्तर्गत विवाह गर्ने, परिवार कायम गर्ने, पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रतालाई मात्र किटान गरिएकोबाट विवाहसम्बन्धी पूर्ण स्वतन्त्रता अभिव्यक्त नभएको हो कि भन्ने देखिन्छ।

## *विवाह बदर*

उमेर (२० वर्ष) नपुगी भएको, झुक्याई विवाह गरेको (ने.का.प. २०६६ नि.नं. ८१५७ पृ. ८५० 'प्रतिवादी पुनम दासलाई विवाहपूर्व देखि नै ब्अगतभ एकथअजयकष्क भएको भन्ने तथ्य प्रमाणित भएको अवस्थामा विवाह बदर हुने' भन्ने सिद्धान्त प्रतिपादन भएको), एचआइभी वा अन्य निको नहुने रोग लागेको, सन्तान उत्पादन क्षमता नभएको, बोल्न, सुन्न देख्न नसक्ने, होसठेगान नभएको, विवाह भइसकेको, गर्भवती भइनसकेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको अवस्था भएमा विवाह बदर गराउन सकिने तर त्यस्तो विवाहबाट महिला गर्भवती भएमा वा बच्चा जन्मिएमा त्यस्तो महिलाको मञ्जुरीले मात्र विवाह बदर हुने अवस्था रहन्छ। तर उल्लेखित अवस्थाको पूर्वजानकारी भएर पनि विवाह गरेकोमा भने बदर गराउन नसक्ने अवस्था उत्पन्न हुने देखिन्छ (मुलुकी देवानी संहिता–२०७४, दफा ७१, ७२)।

## *विवाहको परिणाम र दायित्व*

विवाहको कानुनी परिणाम प्रथमत पतिपत्नी हुने अन्यथा भएमा बाहेकसँगै बस्नुपर्ने, पतिको घर पत्नीको बासस्थान हुने, एकार्कालाई सहयोग, संरक्षण र सम्मान गर्नुपर्ने, इज्जत र क्षमताअनुसार खानलाउन दिनुपर्ने, सम्पत्ति, आम्दानी र हैसियतअनुसार दुवैको सहमतिमा घरव्यवहार चलाउनुपर्ने, सम्पत्ति बिक्री गर्दा सहमति लिनुपर्ने, पतिपत्नी वा परिवारका सदस्यलाई पेसाव्यवसाय, काममा संलग्न

हुनबाट रोक्न नहुने लगायतका दायित्वलक्षित व्यवस्था कायम हुन गएको छ (मुलुकी देवानी संहिता–२०७४, दफा ८५, ८६, ८७, ८८, ८९, ९०, ९१, ९२)।

### *सम्बन्धविच्छेद*

सम्बन्धविच्छेदसम्बन्धी परम्परागत अवधारणालाई परिष्कृत गर्दै संहितामा केही नवीनतम् अवधारणालाई अङ्गीकार गर्न पुगेको देखिन्छ। पतिपत्नी दुवैको मन्जुरीले सम्बन्धविच्छेद गर्न सक्ने, पतिले पनि सम्बन्धविच्छेदको लागि अदालतमा निवेदन दिन सक्ने (ने.का.प. २०६७ नि. नं. ८४७२ पृ. १६२९ 'लोग्नेले चाहेमा सम्बन्धविच्छेदका लागि सिधै अदालतमा जान नपाउने व्यवस्था विभेदकारी देखिएकोले १ वर्षभित्रमा विभेद नहुने गरी संशोधन गरेर मिलाउनू' भन्ने निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा संहितामा यसप्रकारको व्यवस्था हुन पुगेको), पतिको कारण (पतिले खानलाउन नदिएमा, कुटपिट गरेमा, अर्को विवाह गरेमा, अन्य महिलासँग यौन सम्पर्क राखेमा, पत्नीलाई जबरजस्ती करणी गरेमा) सम्बन्धविच्छेद भएमा अंश दिनुपर्ने, पतिपत्नीलाई मेलमिलाप गराउनुपर्ने, मेलमिलाप नभए एकवर्षपछि सम्बन्धविच्छेद मुद्दाको फैसला गर्नुपर्ने आदि प्रावधानबाट यो विषय नयाँ चरणमा प्रवेश गरेको देखिन्छ। पतिपत्नीले देहायका आधारमा सम्बन्धविच्छेद माग गर्न सक्छन् (मुलुकी देवानी संहिता, २०७४, दफा ९३, ९४, ९६, ९७, ९८)।

### *सम्बन्धविच्छेद र सम्पत्ति*

पतिपत्नीको बिच सम्बन्धविच्छेद गर्दा पतिपत्नीको सम्पत्ति भए बण्डा गर्न लगाउनुपर्ने, अंश नलिई एकमुष्ट खर्च लिन सक्ने, अन्य अंशियार भई अंशबण्डा गर्न समय लाग्ने स्थिति देखिए मासिक खर्च दिनुपर्ने तर बिचमा विवाह गरेमा अंश नपाउने, बण्डा गर्नुपर्ने सम्पत्ति नभएमा तर पतिको नियमित आम्दानी भएमा आम्दानीको आधारमा पत्नीलाई मासिक खर्च भराइदिन सक्ने तर पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनुनपर्ने नयाँ व्यवस्था कायम हुन गएको छ। त्यस्तै सम्बन्धविच्छेद भएकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजको छोराछोरीले पाउने, छोराछोरी नभए पतिबाट पाएको सम्पत्ति पतिले र अन्य सम्पत्ति माइतीपट्टिकाले प्राप्त गर्ने व्यवस्था रहेको छ (मुलुकी देवानी संहिता–२०७४, दफा ९९, १००, १०१, १०२, १०३)।

| पतिले सम्बन्धविच्छेद माग गर्न सक्ने आधार | पत्नीले सम्बन्धविच्छेद माग गर्न सक्ने आधार |
|---|---|
| १. पत्नीले ३ वर्ष वा सोभन्दा बढी अलग बसेमा<br>२. अङ्गभङ्ग हुने वा कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने काम गरेमा<br>३. परपुरुषसँग यौनसम्बन्ध राखेमा<br>४. पत्नीले पतिलाई खानलाउन नदिएमा वा घरबाट निकाला गरेमा | १. पतिले अर्को विवाह गरेमा<br>२. खान लाउन नदिई घरबाट निकाला गरेमा<br>३. अङ्गभङ्ग हुने वा ठुलो शारीरिक वा मानसिक कष्ट हुने आदि काम गरेमा<br>४. पतिले अन्य महिलासँग यौनसम्बन्ध राखेमा<br>५. वैवाहिक बलात्कार गरेको ठहरेमा<br>६. पतिले ३ वर्ष वा सोभन्दा बढी अलग बसेमा |

### *मातृत्व वा पितृत्व निर्धारण र बुबाआमा छोराछोरीको सम्बन्ध*

मातृत्व अथवा पितृत्वको निर्धारणसम्बन्धी हाम्रो परम्परागत मान्यतालाई परिष्कृत गर्दै केही नवीनतम् अवधारणालाई अङ्गीकार गरिएको अवस्था छ– जस्तो कि विवाह भएको १८० दिनपछि जन्मिएको सन्तान वा पतिको मृत्यु भएको वा सम्बन्धविच्छेद भएको २७२ दिनभित्र जन्मिएको सन्तान विवाहित पतिबाट जन्मेको मानिने र गर्भवती भएको थाहा पाएर वा थाहा पाउनुपर्ने मनासिव कारण भएर पनि विवाह गरेको रहेछ भने १८० दिनअघि जन्मे पनि इन्कार गर्न नपाउने, छोराछोरी वा पितृत्वको सम्बन्धमा २ वर्षभित्र दाबी गरिसक्नुपर्ने, कृत्रिम गर्भधारणबाट जन्मेकोमा विवाहित पतिबाट जन्मेको मानिने प्रकारका नवीनतम धारणालाई संहितामा प्रबन्धित गरिएको छ। त्यस्तै, मातृत्व र पैत्रिक अख्तियारी सम्बन्धमा आमाबाबुले छोराछोरीउपर संयुक्त रूपमा अख्तियारी प्रयोग गर्नुपर्ने, छोराछोरीउपरको

जिम्मेवारी पूरा गर्नुपर्ने तथा कर्तव्यको पालना गर्नुपर्ने, लालनपालन र शिक्षा र स्वास्थ्यमा छोराछोरीको बिचमा भेदभाव गर्न नहुने (upheldіng the principles या Convention on the rights या the child) नाबालक विरुद्ध कुनै कार्य भएमा अदालतले अख्तियारी प्रयोग गर्न सक्ने जस्ता नवीनतम् व्यवस्था गरिएको छ (मुलुकी देवानी संहिता–२०७४, दफा१०५, १०६, १०७, १०८, १०९, ११६, ११८)। त्यसप्रकारका व्यवस्थाबाट हाम्रो समाजले कैयौँ नवीनतम् मान्यतालाई अवलम्बन गर्दै नयाँ चरणतर्फ अग्रसर हुँदै गएको अवस्था छ।

## *धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी*

कुनै व्यक्तिले अन्य व्यक्तिको छोराछोरीलाई आफ्नो छोराछोरीको रूपमा स्वीकार गरेको व्यक्ति धर्मपुत्र अथवा धर्मपुत्री मानिने भनी धर्मपुत्र, धर्मपुत्रीको परिभाषा गर्दै सर्वोत्तम हित हुने गरी धर्मपुत्र, धर्मपुत्री राख्नुपर्ने, न्यायिक पृथकीकरण गरी बसेको छोराछोरीसँगै नबसेमा धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने, पालनपोषण गर्न सक्ने आर्थिक हैसियत भएमा छोरा वा छोरी हुनेले पनि धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने गरी धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी परम्परागत मान्यता र दृष्टिकोणलाई परिवर्तन गरी व्यापक र उदार रूपमा त्यससम्बन्धी प्रबन्ध गरिएको अवस्था छ।

धर्मपुत्र वा धर्मपुत्री राख्दा उमेरको फरकलाई पनि घटाएर २५ वर्ष फरक हुनुपर्ने व्यवस्था कायम गरिएको छ। धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न वा निजले चाहेमा आफूलाई जन्माउने बाबु आमाको थरसमेत प्रयोग गर्न सक्ने र धर्मपुत्र वा धर्मपुत्रीले कानुनबमोजिमको दायित्व पूरा गर्नुपर्ने र नगरे धर्मपुत्र अथवा धर्मपुत्री बदर गराउन सक्ने (स.अ. बुलेटिन–२०६९ पूर्णाङ्क ४८१ पृ. ४) व्यवस्था रहेको छ (मुलुकी देवानी संहिता–२०७४, दफा १६९, १७०, १७१, १७२, १७४)।

त्यस्तै कुनै विदेशीले नेपाली नागरिक वा विदेशीको नाबालकलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा स्वीकार गरेमा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री स्वीकार गरेको मानिने, त्यसरी धर्मपुत्र अथवा धर्मपुत्री राख्न नेपाल सरकारसँग अनुमति लिनुपर्ने, धर्मपुत्र वा धर्मपुत्री दिँदा बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्ने, बालगृहमा कम्तीमा ६ महिना बसेका, बाबु र आमा दुवैको मृत्यु भई कसैको संरक्षणमा नरहेको अनाथ तथा स्वेच्छाले त्यागेका बालबालिकालाई मात्र विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिने, धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्न निवेदन दिनुपर्ने, बोर्डको सिफारिस मनासिव देखिएमा नेपाल सरकारले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्न अनुमति दिनेलगायतका नयाँ व्यवस्था रहेका छन्। आर्थिक हैसियतका आधारमा समेत धर्मपुत्र/पुत्री राख्न पाउने व्यवस्था न्यायोचित मान्न नसकिने भए तापनि धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी हाम्रो परम्परागत मान्यतामा उल्लेखित व्यवस्थाबाट व्यापक परिवर्तन हुन पुगेको देखिन्छ।

## *अंशबण्डासम्बन्धी*

वास्तवमा अंशसम्बन्धी सवाल एउटा अनिवार्य र महत्त्वपूर्ण सवालका रूपमा कायम रहेको छ र संहिताले अंशसम्बन्धी कतिपय नवीनतम् मान्यतालाई अवलम्बन गरेको छ। अब उप्रान्त गर्भमा रहेको शिशु पनि अंशी हो भने त्यस्तो शिशुको पनि अंश छुट्याउनुपर्छ। विधिशास्त्रले Unborn person को पनि personality हुन्छ भन्ने मान्यता राख्दछ र विधिशास्त्री क्ष्क्रियलम ले 'There is nothing in law to prevent a man from owning property before he is born' (P.J. Fitzgerald, Salmond on jurisprudence, 12th ed. p.303.) भनेका छन्।

अर्कोतर्फ अब विवाहित छोरीले पनि अंश पाउने (लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन–२०७२ द्वारा विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नुनपर्ने भन्ने कानुनी व्यवस्था मिति २०७२।०६।१४ मा पूरै खारेज भई अंशबण्डा गर्दा छोराछोरीको जियजियैको अंश गर्नुपर्ने व्यवस्था भएको, अतः विवाहित छोरीले अंश पाउने हकको आधार वर्ष र मिति २०७२।०६।१४ लाई मान्नुपर्ने देखिन्छ) र पैत्रिक सम्पत्तिमा छोराछोरीको वैवाहिक आधारमा विभेद नहुने कुरालाई आत्मसात् गरेको अवस्था छ, जुन धेरै सकारात्मक पक्ष हो।

अंशियारले अंश छोडपत्र गर्न सक्ने, शेषपछिको बकसपत्र गरिदिन सक्ने, विवाहित छोरीको हकमा विवाह भएको मितिलाई मानो छुट्टिएको मिति मानिने, विवाह खर्च र जिउनी नरहने, अंशबण्डा नगरी सम्पत्ति दिन नपाउने, फिराद र प्रतिउत्तर पेस गर्दा तायदाती फाँटबारी पेस गर्नुपर्ने, साहुको मन्जुरी नलिई अंशबण्डामा ऋणी तोक्न नहुने, अंश नपाउने व्यक्तिले नालिस गरे क्षतिपूर्ति दिनुपर्ने जस्ता नवीनतम् अवधारणासहितको व्यवस्था संहितामा रहेको छ। त्यसरी अंशसम्बन्धी मान्यता अब नयाँ चरणमा प्रवेश गरेको देखिन्छ।

## *अपुतालीसम्बन्धी व्यवस्था*

कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिने, हकवालाले अपुताली पाउने, हकवालाको प्राथमिकताक्रममा सगोलको पति अथवा पत्नी, सगोलको छोराछोरी, विधवा बुहारी, सगोलका बाबुआमा, सौतैनी आमा– छोराछोरीतर्फका नाति नातिनी बुहारी, भिन्न भएका पतिपत्नी, छोराछोरी बाबुआमा, सौतेनी आमा भिन्न भएका छोरातर्फका नातिनातिनी, भिन्न भएका बाजेबज्यै, सगोलका जिजुबाजे/जिजुबज्यै, दाजुभाइ, दिदीबहिनी, विधवा भाउजू वा भाइबुहारी, सगोलका काकाकाकी, भतिजाभतिजी, भिन्न भएका दाजुभाइ, दिदीबहिनी, विधवा भाउजू वा भाइबुहारीलाई क्रमागत रूपमा तोकिएको भए पनि नजिकको हकवालाले स्याहारसम्भार नगरी टाढाको हकवालाले गरेको रहेछ भने त्यसरी स्याहारसम्भार गर्ने हकवालाले पाउने (ने.का.प. २०७२ नि.नं. ९४८९ पृ. १८५४), अपुताली स्वीकार गर्न कर नलाग्ने, अपुताली पाउने बदनियतले ज्यान लिने वा लिन लगाउनेले अपुताली नपाउने, अपुताली पाउनेले मृतकको सदगद र किरिया गर्नुपर्ने, साहुको ऋण भुक्तानी गर्नुपर्ने आदिको दायित्व हुने, हकवाला नभए अपुतालीको सम्पत्ति स्थानीय तहको हुने (ने.का.प. २०७७ नि.नं.१०४६० पृ. ५३९ ‘कुनै पनि सम्पत्ति स्वामीविहीन हुन सक्दैन (Res nullius) सम्पत्तिको स्वामी वा कानुनबमोजिमको हकवाला नभए त्यस्तो सम्पत्ति राज्यको हुन जान्छ’ भन्ने सिद्धान्त प्रतिपादन भएको छ) लगायतका अपुतालीसम्बन्धी नयाँ मान्यतालाई अवलम्बन गरिएको छ।

## *सम्पत्तिसम्बन्धी कानुन*

संहिताले सम्पत्तिसम्बन्धी परम्परागत मान्यतालाई नयाँ परिवेश र सन्दर्भअनुसार त्यसको सीमा र दायरालाई बढी व्यापक बनाउने कार्य गरेको अवस्था छ। सर्वप्रथमतः यसले सम्पत्तिको परिभाषा गर्दै ‘उपभोग गर्न, खरिदबिक्री वा अन्य तबरले हक हस्तान्तरण वा कारोबार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद वस्तु वा कार्यलाई सम्पत्ति मानिने छ’ (मुलुकी देवानी संहिता–२०७४, दफा २५१) भनेको छ। परन्तु सम्पत्तिलाई चल र अचल एवम् स्वामित्वको आधारमा निजी, सगोल, संयुक्त, सामुदायिक, सार्वजनिक, सरकारी र गुठीमा वर्गीकरण गरेको अवस्था छ। सम्पत्ति अनतिक्रम्य हुने, कसैले पनि अन्य व्यक्तिको सम्पत्ति च्यापी, मिची अथवा कुनै तबरले खिचोला वा अतिक्रमण गर्न नहुने सँधियारको जग्गासँग जोडी सेफ्टी ट्याङ्की बनाउन नहुने, इनार वा कुवा खन्दा १ मिटर छोड्नुपर्ने, असर पर्ने गरेर रूखबिरुवा लगाउन नहुने, प्रतिकूल भोगाधिकारको आधारमा स्वामित्व कायम गराउन सक्ने (ने.का.प. २०६५ नि.नं. ७९३९ पृ. २६९, ने.का.प. २०६९, नि.नं. ८७७४ पृ. ३३५), आफ्नो जग्गामा उत्पत्ति भएको नदी वा खोलाको सबै पानी प्रयोग गर्न नपाउने, कुलोमा श्रम वा खर्च नगर्नेले पानी उपभोग गर्न नपाउने, सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति दर्ता गर्न वा कब्जा वा आवाद गर्न नहुने, उजुरी गर्नेलाई पुरस्कार दिने, गुठी सम्पत्तिको अभिलेख राख्नुपर्ने र गुठी सम्पत्तिको संरक्षण गर्नुपर्ने, गुठी उलङ्घन गर्न नहुने लगायतका व्यवस्था संहितामा उल्लेखित छन्।

त्यस्तैगरी संहितामा फलोपभोग युजफ्रुक्ट (आफ्नो सम्पत्ति प्रतिफल, लाभ, आम्दानी वा सुविधाबेगर अर्को व्यक्तिलाई निःशुल्क भोग र प्रयोग गर्न लिखत गरिदिनु) सम्बन्धी व्यवहारसम्बन्धित व्यक्तिबिच भएको करारबमोजिम हुने, फलोपभोग दिँदा लिखत गर्नुपर्ने, सगोलको सम्पत्ति फलोपभोग दिँदा सगोलको अंशियारको सहमति लिनुपर्ने, फलोपभोगीले आफ्नै सम्पत्तिसरह प्रयोग गर्न पाउने, कर वा शुल्क फलोपभोगीले व्यहोर्नुपर्ने, स्वामित्ववालाले फल उपभोग रद्द गर्न सक्ने र सुविधाभार (ने.का.प. २०६५ नि. नं. ७९७८ पृ. ७२३) (कसैको हक, स्वामित्व अथवा

भोगचलनमा रहेको कुनै सम्पत्ति अर्को सम्पत्तिको धनीले भोगचलन र प्रयोग गर्न पाउने) व्यवस्था छ।

## *सर्भिट्युड्ससम्बन्धी व्यवस्था*

करार, अचल सम्पत्ति रहेको ठाउँको प्रकृति, प्रथा अथवा परम्परादेखि चलिआएको अभ्यासबमोजिम हुने, सम्पत्तिको हस्तान्तरणबाट सुविधाभारमा प्रतिकूल असर नपर्ने, विपत् परेको बखत छिमेकीको घरजग्गा प्रयोग गर्न सकिने, बाटोको सुविधाभार प्राप्त गर्ने, प्राकृतिक रूपमा रहेको पानीको बहाव रोक्न नहुने, खेती गर्नको लागि बाटो वा निकास दिनुपर्नेजस्ता बिल्कुल नवीनतम अवधारणाको समेत संहितामा प्रबन्ध गरिएको अवस्था छ।

त्यस्तैगरी घरबहालसम्बन्धी व्यवस्थाअन्तर्गत असुरक्षित घरबहालमा दिनलिन नहुने, बहालमा दिँदा सम्झौता गर्नुपर्ने, औद्योगिक वा व्यावसायिक प्रयोजनका लागि घरबहालमा लिएको भए घरको बिमा गराउनुपर्ने, बहालमा लिएको घर सबलिजमा दिन सक्ने, सम्झौता विपरीत घर प्रयोग गर्न नहुने, घर खाली गराउन सक्नेलगायतका नवीनतम् व्यवस्थाको प्रबन्ध गरिएको छ।

त्यसैगरी दानबकससम्बन्धी व्यवस्थाअन्तर्गत उद्घोषण गरी सम्पत्ति दान दिन सक्ने, शेषपछिको बकसपत्र संशोधन वा रद्द गराउन सक्ने, दान वा बकस बदर गराउन सकिने आदि नवीनतम् अवधारणा देवानी संहितामा समाहित गरिएको छ।

## *करार तथा दायित्वसम्बन्धी कानुन*

कुनै काम गर्न वा नगर्नको लागि कानुनी बाध्यता भएकोमा त्यस्तो काम गरे वा नगरेमा दायित्व सिर्जना हुने, दायित्व पूरा गर्नुपर्ने, दायित्व पूरा नगरे क्षतिपूर्ति व्यहोर्नुपर्ने, दुई वा दुईभन्दा बढी व्यक्तिबिच कुनै काम गर्न वा नगर्न सम्झौता भए करार भएको मानिने (ने.का.प. २०४९ नि.नं. ४४४७ पृ.१), करारका पक्ष स्वायत्त हुने, वैधताविहीन करार बदर हुने, करारको परिपालना र दायित्व पूरा गर्नुपर्ने, करारको उलङ्घन गरे क्षतिपूर्ति दिनुपर्ने (ने.का.प. २०७७ नि.नं. १०५४८ प. १४९३), करारको यथावत् पालनाको दाबी गर्न सकिने, वस्तुबिक्रीसम्बन्धी करार, जमानतसम्बन्धी करार, नासोसम्बन्धी करार, धितो वा धरौटीसम्बन्धी करार, एजेन्सीसम्बन्धी करार, वस्तु ढुवानीसम्बन्धी करार, लिज करार, हायर पर्चेज करार, अप्रत्यथ वा अर्धकरारसम्बन्धी बृहत् व्यवस्थाबाट करारसम्बन्धी विषयसमेत मौलिक चरणमा प्रवेश गरेको स्थिति छ।

## *अनुचित समृद्धि (अनजष्ट इन्रिचमेन्ट) सम्बन्धी व्यवस्था*

कुनै व्यक्तिले कानुनसम्मत कारणबिना कुनै लाभ अथवा सुविधा प्राप्त गरेमा अनुचित समृद्धि प्राप्त गरेको मानिने, लिन नहुने वस्तु लिएमा फिर्ता गर्नुपर्ने (सोलुसिओ इन्डेविटी), बदनियतले लिएको वस्तु वा रकम र त्यसको लाभ फिर्ता गर्नुपर्ने, तेस्रो व्यक्तिले भुक्तान गरेको ऋण चुक्ता गर्नुपर्ने, भेटाएको वस्तु प्रहरीलाई सूचना दिएर आफैसँग राख्न सक्ने व्यवस्थासहितको अनुचित समृद्धिसम्बन्धी मौलिक अवधारणालाई पनि देवानी संहितामा समावेश गरिएको छ (ने.का.प. २०६७ नि.नं. ८३८२ पृ. ८८३ ने. का.प. २०७४ नि.नं. ९८४७ पृ. १२७७ र मुलुकी देवानी संहिता, परिच्छेद-१६)।

## *दुष्कृति (टर्टस) सम्बन्धी व्यवस्था*

अपकृत वा अपकार नै दुष्कृति हो र दुष्कृति Law नभएर Principle हो । हेलचेक्र्याइँ वा लापरवाहीको परिणामस्वरूप उत्पन्न हानिनोक्सानीलाई दुष्कृति मानिन्छ। चौध वर्ष उमेर नपुगेको नाबालकले गरेको दुष्कृतिबापत बाबुआमाले दायित्व व्यहोर्नुपर्ने, होसठेगानमा नभएको व्यक्तिले गरेको हानिनोक्सानीबापत संरक्षक वा माथवरले दायित्व व्यहोर्नुपर्ने, पशुले गरेको हानिनोक्सानीबापत पशुधनीले तथा घर भत्की हानिनोक्सानी भएमा घरधनीले दायित्व व्यहोर्नुपर्ने, अनधीकृतप्रवेश गर्नेले दायित्व व्यहोर्नुपर्ने तथा त्रुटिपूर्ण उत्पादन (सामान्य मानिसले मनासिब तबरले अपेक्षा गर्ने न्यूनतम सुरक्षाका उपाय नभएको कुनै वस्तु वा सेवा) गरेबापत दायित्व बेहोर्नुपर्ने, त्रुटिपूर्ण उत्पादन भएको प्रमाणित हुनुपर्ने, दायित्वबाट फुर्सद वा दायित्वको मात्रा कम हुन सक्ने, कुनै वस्तु वा सेवाको गुणस्तरभन्दा उच्च गुणस्तरको वस्तु वा सेवा उपलब्ध भएमा त्रुटिपूर्ण उत्पादन नमानिने जस्ता मौलिक व्यवस्थासमेत देवानी

संहितामा गरिएको छ (ने.का.प. २०७७ नि.नं. १०६२१ पृ. २२९२ र (मुलुकी देवानी संहिता, परिच्छेद–१७)।

## *निजी अन्तर्राष्ट्रिय कानुनसम्बन्धी व्यवस्था*

विदेशी व्यक्तिको कानुनी सक्षमता नागरिकता रहेको मुलुकको कानुनबमोजिम हुने, विदेशी व्यक्ति बेपत्ता वा मृत्यु भएको अनुमान र मृतकको अपुताली निर्धारण नागरिकता कायम रहेको मुलुकको कानुनबमोजिम हुने, नेपाली नागरिकले विदेशमा विवाह गर्दा नेपाल कानुन पालना गर्नुपर्ने, विदेशीले नेपालमा विवाह गर्दा निजको मुलुकको कानुन पालना गर्नुपर्ने, विवाहको परिणाम आफ्नो मुलुकको कानुनबमोजिम हुने, विदेशमा भएको सम्बन्धविच्छेदले मान्यता पाउने, विदेशमा भएको लिखतले मान्यता पाउने, दोहोरो नागरिकता रहेकोमा सामान्य बसोबास रहेको मुलुकको कानुनबमोजिम हुनेआदिका नयाँ अवधारणामुताविकका कानुनी व्यवस्थासमेत देवानी संहितामा समावेश गरिएका छन् । देवानी संहिता लागु हुनुपूर्व हाम्रो कानुनी प्रणालीमा समावेश नभइरहेका माथि उल्लेखित कैयौँ नवीनतम मान्यता र व्यवस्था संहिताबद्ध गरिएको उक्त देवानी संहिताको विशेष प्रकारको महत्त्व रहने र त्यसले समाज रूपान्तरणमा दीर्घकालीन प्रभाव पार्ने कुरा सहजै अनुमान गर्न सकिन्छ (ने.का.प. २०२९ नि.नं. ६८८, ने.का.प. २०६५ नि.नं. ७९२१ पृ. ९३)।

## *निष्कर्ष*

मुलुकी देवानी संहिताले कैयौँ सुधारात्मक र सकारात्मक व्यवस्था गरेको छ भने कतिपय अन्य मुलुकमा प्रचलनमा रहेका अवधारणा यन्त्रीकरण गरिएको छ। हाम्रो समाजको समग्र पक्षमाथि ध्यान दिँदै मुलुकी देवानी संहिताको उचित प्रयोग र आवश्यक संशोधन र न्यायिक व्याख्याका आधारमा हाम्रो मौलिक विधिशास्त्रीय मान्यताको विकासमा जोड दिन सकेमा त्यसले हाम्रो मौलिक न्यायप्रणालीको विकास र उन्नत समाजको निर्माणमा ठुलो मदत पुग्न जानेछ। त्यो दिशामा मुलुकी संहिताको व्याख्या र प्रयोगबाट स्थिति स्पष्ट हुँदै जानेछ तथापि न्यायिक कामकारवाहीमा निष्पक्षता र स्वतन्त्रताको अभाव एवम् न्यायिक कामकारबाहीमाथि पर्न सक्ने अनुचित प्रभावजस्ता कारणले देवानी संहिताको अक्षरश पालना र कार्यान्वयनमा समस्या पैदा हुन गएमा देवानी संहितामा अन्तरनिहित सयौँ सिद्धान्त केवल सिद्धान्तमै सीमित रहन जाने खतराबाट देश र समाजलाई जोगाउनुपर्ने आवश्यकतालाई अन्देखा गर्न मिल्दैन।

## *सन्दर्भ सामग्रीहरू*


श्रेष्ठ, भद्रबहादुर (२०५४). *मुलुकी ऐन एक टिप्पणी.* काठमाडौँ : पैरवी प्रकाशन।

वस्ती, प्रकाश (२०७२). *हाम्रो कानुनी इतिहासको नालीबेली: किरातकालदेखि २०७८ सालसम्म.* काठमाडौँ : पैरवी प्रकाशन।

वस्ती, प्रकाश (२०६८). *हाम्रो कानुनी इतिहासका केही पाटाहरू.* काठमाडौँ : पैरवी बुक हाउस।

नेपाल सरकार (१९१०). *मुलुकी ऐन–१९१०.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार.(२०७४). *मुलुकी देवानीका र्यविधि संहिता ऐन–२०७५.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

जोशी, हरिकृष्णमान (२०५३). *देवानी कानुन तथा न्याय.* काठमाडौँ : पैरवी बुक हाउस प्रालि.।

नेपाल सरकार (२०७४). *मुलुकी देवानी संहिता, नेपाल सरकारको अधिकृत कानुनी दस्तावेज.* काठमाडौँ : राष्ट्रिय न्यायिक प्रशिक्षण प्रतिष्ठान।

Agrawal, N. (2000 AD). *Jurisprudence: Legal Theory.* Kathmandu: Central Law Publications.

United Nations Development Programme (UNDP) (2022 AD). 'Rule of Law and Social Transformation in Developing Countries'. https://www.undp.org.rolhr.